बैठक सख्या : ६१

मिति २०७८/११/२७गते

प्रस्तावहरु:

१. योजना तथा कार्यक्रम कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. सुरक्षित आप्रवासन कार्यबिधि २०७८ स्वीकृतिसम्बन्धमा।

३. सरसफाई उन्मुख वातावरणमैत्री पालिका कार्यान्वयन निर्देशिका २०७८ स्विकृति सम्बन्धमा।

४. कोशेलीघर स्थापना तथा संचालन कार्यबिधि २०७७ र विपन्न वर्गका विद्यार्थीलाई प्राविधिक शिक्षा छात्रवृत्ति कार्यविधि २०७४ मा संशोधन सम्बन्धमा।

५. गरिब परिवार पहिचान गुनासो सम्बन्धमा।

६. कोरोना प्रभावित अति विपन्न महिला लक्षित कार्यक्रम संचालन सम्बन्धमा।

७. सडक बोर्ड कार्यक्रम छनोट सम्बन्धमा।

८. बिबिध।

निर्णयहरु:

**निर्णय नं. १-** यस आ.व. २०७८/७९का योजना तथा कार्यक्रम कार्यान्वयन र गत कार्यपालिका वैठकको निर्णयहरु कार्यान्वयनको विषयमा समिक्षा गरियो। निर्माणाधिन रहेका र कार्य सम्पन्नको चरणमा रहेका योजनाहरुको नगरस्तरीय अनुगमन समिति र वडा स्तरीय अनुगमन समितिबाट प्रभावकारी अनुगमन गर्ने र योजना कार्यान्वयनलाई तिव्रता दिई यथासमयमा सम्पन्न गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.२-** वैदेशिक रोजगारीमा रहेका र वैदेशिक रोजगारीमा जाने नगरवासी नागरिकहरुको हक हितको प्रवर्धन गर्न र वैदेशिक रोजगारीलाई सूरक्षित, मर्यादित र गुणस्तरीय बनाउन, विप्रेषण आयको उत्पादनशिल उपयोगमा जोड दिन र वैदेशिक रोजगारीबाट सृजित सामाजिक लागत र सम्भावित जोखिमलाई कम गर्न सुरक्षित आप्रवासन सम्बन्धी कार्यबिधि २०७८ स्विकृत गर्ने।

**निर्णय नं.३-** पूर्णसरसफाई उन्मुख वातावरणमैत्री नगर घोषणाको कामलाई व्यवस्थित र बिधिसम्मत ढंगले सम्पन्न गर्न सरसफाई तथा स्वच्छता र वातावरणमैत्री स्थानीय शासन घोषणाका लागि राष्ट्रिय कानूनी एवम् नीतिगत प्रावधानहरुलाई समेटी एकिकृत रुपमा सरसफाई र वातावरणमैत्री सम्बन्धी कार्यसंचालन गर्ने गरी पेश भएको पूर्णसरसफाई उन्मुख वातावरणमैत्री पालिका कार्यन्वयन निर्देशिका २०७८ स्विकृत गर्ने।

**निर्णय नं.४-** कोशेली घर स्थापना तथा सञ्चालन कार्यविधि २०७७ को दफा २ परिभाषा खण्डको (क) को कोष्ठ भित्रको (कृषि उपज, तरकारी बाहेक) को ठाउँमा (कृषि उपज, तरकारी समेत) भन्ने शब्द राखी संशोधन गर्ने। र विपन्न वर्गका विद्यार्थीलाई प्रविधिक शिक्षा छात्रवृत्ति कार्यविधि २०७४ को दफा ३ उपदफा ३ (ख) मा "छात्रवृत्ति सिफारिस समितिले सम्बन्धित विश्व विद्यालय/ क्याम्पसको सिफारिसमा शोधपत्र, अध्ययन अनुसन्धान आदि कार्य गर्न नगरपालिकामा स्थायी बसोबास गर्ने विपन्न वर्गका विद्यार्थीलाई सहायता उपलब्ध गराउन सक्नेछ।" भन्ने वाक्य थप गर्ने।

२०७८/११/२८

**निर्णय नं.५-** गरिब परिवार पहिचान कार्यक्रम अन्तर्गत संकलित तथ्याङ्क बमोजिम नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सूचिकृत गरिब परिवारको सूचिमा दाबी बिरोध वा गुनासोका लागि सूचना प्रकासन गर्दा प्राप्त हुन आई गुनासो सुनुवाई समन्वय समितिबाट सिफारिश भए बमोजिमका निवेदनहरु गरिब परिवारको सूचिमा समावेश गर्नका लागि मन्त्रालयमा सिफारिश गरी पठाउने ।

**निर्णय नं.६-** आ.व. २०७८/८९ मा "कोरोना प्रभावित अति विपन्न महिला लक्षित कार्यक्रम युएनडिपी साझेदारी" शिर्षकमा विनियोजित बजेटबाट परिचान भएका कोरोना प्रभावित अति विपन्न महिलाहरुका लागि देहायबमोजिम कार्यक्रम संचालन गर्ने ।

क. कोरोना प्रभावित अति विपन्न महिला र नीजको परिवारलाई निशुल्क स्वास्थ्य बीमा गर्ने।

ख. कोरोना प्रभावित अति विपन्न महिलाहरुलाई उनिहरुको माग र आवश्यकता बमोजिम आय आर्जनमुखी सीपमुलक तालीम र प्राविधिक सहायता प्रदान गर्ने ।

**निर्णय नं.७-** सडक बोर्ड अन्तर्गत यस आ.व. २०७८/७९ का लागि विनियोजन हुने बजेटबाट नियमानुसार नगरपालिकाको समपुरक कोषबाट समेत बजेट समावेश हुने गरी देहायका योजनाहरु कार्यान्वयन गर्ने ।

क. वाङ्खोला नयाँबजार पौवेगौडे सडक मर्मत

ख. बिफ्रे ठूलो पँधेरो वडा नं. १४ सडक मर्मत

ग. उमेशचन्द्र मार्ग अन्तर्गतको ड्राईभरटोल देखि लामाग्गे चोक सम्म सडक मर्मत १४

घ. गोदगोदे चोक देखी अस्पताल सम्म सडक मर्मत वडा नं. ३

**निर्णय नं.८-** मर्मत संभार कोष र स्थानीय विकास कोषबाट अत्यावश्यक कामहरुमा भएको खर्चहरु मर्मत संभार कोष संचालन कार्यबिधि २०७८ को दफा ११(२) र स्थानीय विकास विशेष कोष संचालन कार्यबिधि २०७८ को दफा ६(२)बमोजिम अनुमोदन गर्ने ।

**निर्णय नं.९-** पुतलीबजार नगरपालिका अन्तर्गत विद्यालयहरुमा कार्यान्वयन हुनेगरी पढ्नको लागि कोठा **Room To Read (RtR)** कार्यक्रम संचालनका गर्ननगरपालिकाले व्यहोर्नुपर्ने खर्चको लागि समपुरक कोष शिर्षकमा बिनियोजित बजेटबाट व्यवस्था हुनेगरी सम्झौता गर्न स्विकृति दिने ।

**निर्णय नं.१०-** पुतलीबजार नगरपालिकाको सरसफाई केन्द्रमा कार्यरत सरसफाईकर्मीहरुले कार्यालय समय बाहेक अतिरिक्त समय समेत काम गर्नुपर्ने भएकोले खाजा खर्चबापत प्रतिव्यक्ति मासिक रु. १५००। उपलब्ध गराउन स्विकृति दिने ।

**निर्णय नं.११-** विपन्न नागरिक सुरक्षित आवास कार्यक्रम बाट देहायका विपन्न व्यक्तिहरुको घर निर्माणमा सहायता दिने ।

क. मनमाया गुरुङ वडा नं. २

२०७८।११।२८

ख. शुर्य दमाई वडा नं. ९

ग. दुर्गाबहादुर कार्की वडा नं. ५

**निर्णय नं.१२-** पुतलीबजार नगरपालिका अन्तर्गतका नदीहरुमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम नदीजन्य पदार्थहरुको उत्खनन् र बिक्रीका लागि ठेक्का भई काम भईरहेकोमा सडक पुल आसपासका क्षेत्रहरुमा समेत गत बिगतको बर्षायामको बाढीको कारणले नदीजन्य पदार्थ थुप्रिएर नदीको सतह उठेको हुँदा सडक पुल र नदीकिनार आसपासका जग्गाहरु समेत सम्भावित बाढीको जोखिममा रहेको हुँदा उक्त क्षेत्रमा नदीको च्यानलाईज गरी नदीजन्य पदार्थको उत्खनन र बिक्रीको व्यवस्थापन गर्न जिल्ला विपद् समितिमा अनुमती माग गर्ने ।

**निर्णय नं.१३-** विपन्न नागरिक औषधी उपचार तथा स्वास्थ्य बीमा अनुदान शिर्षकमा आ.व. २०७८/७९ मा बिनियोजित बजेटबाट देहायका व्यक्तिहरुलाई उपचार सहायता उपलब्ध गराउने ।

क. लक्ष्मण परियार (मृगौला पिडीत), वडा नं. ९ - रु. ८०००।

ख. काले कामी (मुटुरोगी) वडा नं. ५ - रु. ८०००।

ग. दिपक कुमार दर्जी (मानसिक रोगी) वडा नं. १४ - रु. ७०००।

घ. झनमाया सुनार (रक्तअल्पता), वडा नं. ३ -रु. ७०००।

ङ. विष्णु गायक (मुटुरोगी), वडा नं. १४ -रु. ८०००।

च. टमटा विक (दिर्घ रोगी), वडा नं. ३ -रु. ७०००।

छ. तेज कुमारी थापा (दिर्घ रोगी), वडा नं. ९ -रु. ७०००।

ज. भरत दमै (दिर्घ रोगी), वडा नं. ९ -रु. ७०००।

झ. विवश ढकाल (जिब्रो क्यान्सर), वडा नं. १४ -रु. १००००।

ञ. सन्देश गायक (मुटुमा प्वाल), वडा नं. १४ -रु. १००००।

ट. समिर मरासिनी (दिर्घ रोगी), वडा नं. ३ -रु. १००००।

ठ. दुर्ग बहादुर दमै (ढाड भाँचिएको), वडा नं. ७ -रु. ८०००।

ड. धिरज परियार (मृगौला पिडीत), वडा नं. ५ -रु. ७०००।

ढ. राम बहादुर सार्की (खुट्टा भांचिएको), वडा नं. ३ -रु. १००००।

२०७८।११।२८